# अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

# Chairman's Message



**आदरणीय शेयरधनी महानुभावहरु,**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको आठौं वार्षिक प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु । साथै यस कम्पनीको आठौं वार्षिक साधारण सभामा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस आ. व. २०६५/६६ कम्पनीको निम्ति समग्रमा उन्नतीको बर्ष हुन गएको छ । यहाँहरुले यस कम्पनीको नयाँ व्यवशाय तर्फ बीमालेख संख्यामा ८९.०७% र प्रथम बीमाशुल्क आर्जनमा ७०.२७% सहित उल्लेखनीय बृद्धि भएको जानकारी पाउंदा खुशी हुनुहुनेछ । मिति

**Dear Shareholders,**

I consider it an honour to place before you the Eight Annual Report of the Company. I am also delighted to welcome you all to the 8th AGM of the company today.

The year 2065-66 has been an year of consolidation and growth for the company. You will be happy to note that your

# अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

२००८।०७।१५ सम्मको बीमांकीय मुल्यांकन प्रतिवेदनले समेत मुनाफा तथा बचतमा उल्लेखनीय बृद्धि भएको चित्रण गरेको छ । बीमांकीय मूल्यांकन अवधीमा जीवन बीमा कोषमा ४७% तथा खुद वचतमा ४७.५७% ले बृद्धि भएको जानकारी गराउन चाहन्छु । यस कम्पनीले नेपालको बीमा क्षेत्रमा सबै बीमा कम्पनीहरुले बीमालेखमा घोषणा गरेको भन्दा सम्भवत हालसम्मको सबैभन्दा उच्चतम दरको बोनश घोषणा गरि एउटा उच्चतम मापदण्ड कायम गरेको छ । कम्पनीको कार्यसम्पादनको पूर्ण विवरण संचालकको प्रतिवेदनमा छुट्टै पृष्ठमा पेश गरिएको छ । कम्पनीको राम्रो बीमांकीय मूल्यांकनको नतिजाको कारण म खुशीसाथ आदरणीय शेयरधनी महानुभावहरु समक्ष २०% नगद लाभांश वितरण गर्ने प्रस्ताव गर्दछु ।

यस चालु वर्ष नेपालको अझ बढि क्षेत्रमा पुग्ने तथा नेटवर्कको माध्यमबाट सम्पूर्ण शाखा कार्यालयहरुलाई एक आपसमा जोडने छौं । साथै हामी हाम्रो बृद्धिदरलाई यथावत राखी नेपालको बीमा क्षेत्रमा नै गौरवपूर्ण स्थान हासिल गर्ने दिशामा अग्रसर हुनेछौं । यस्को निम्ति म यहाँ हरुको सहयोग तथा समर्थनको लागि नम्र निवेदन गर्दछु ।

अन्त्यमा आजको यस बार्षिक साधारण सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै म नेपाल सरकार, नेपाल स्टक एक्सचेन्ज, बीमा समिति, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टार कार्यालय, अर्थ मन्त्रालय, धितोपत्र निस्काशन बोर्ड, लेखा परिक्षक, शेयरधनी महानुभावहरु, सम्पूर्ण बीमितहरु र सम्वन्धित निकायहरुबाट प्राप्त निरन्तर सहयोग र मार्ग निर्देशनका लागि आभार व्यक्त गर्न चाहन्छु । साथै कम्पनीको उत्थान प्रति देखाउनु भएको गहन अभिरुची तथा उहाँहरुबाट प्राप्त बहुमूल्य सल्लाह र सुझावका लागि संचालक समितिका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै सम्पूर्ण अभिकर्ता, एजेन्सी मेनेजर, बजार प्रतिनिधी तथा समस्त कर्मचारीवर्गहरुलाई धन्यवाद दिन चाहन्छु, जसको कडा परिश्रम र मेहनत नभई दिएको भए कम्पनीले आज यति धैरै प्रगति गर्न सक्ने थिएन । प्रयत्न गरौं कि आउने दिनमा हामी “नेपालको उत्कृष्ट बीमक” बन्न सकौं ।

म पुन एकपटक यस भेलामा यहांहरुलाई स्वागत गर्दछु ।

धन्यवाद आदरणीय शेयरधनी महानुभावहरु

टी. एस. विजयन
अध्यक्ष

# Chairman's Report

Company's New Business grew at an impressive rate of 89.07% in number of policies and 70.27% in First Premium in the financial year just ended. The Valuation report of the Company as at 15.07.08 also shows impressive growth in profit and surplus. Life fund grew by 47% during the period of valuation and net surplus by 47.57% The company has set higher benchmarks in insurance sector of Nepal by announcing possibly the highest ever bonus rates for policies among all the insurance companies. Detailed review of the company's performance is placed separately in the Directors Report. As a result of better valuation results of the Company, I am happy to propose a 20% Cash Dividend to our esteemed Shareholders.

Our focus this year will be on reaching more areas of Nepal and on interlinking of all branches through network. We also hope to continue our stellar growth and occupy a place of pride in the Nepal Insurance Industry. Towards this end, I solicit the support of all of you.

At the end, I express my gratitude to all the shareholders for their kind presence in this Annual General Meeting. I wish to also thank the honourable Government of Nepal, Nepal Stock Exchange, the Bima Samiti, Nepal Rastra Bank, Registrar of Companies, Ministry of Finance, Securities Board of Nepal, Auditors, our distingueed shareholders and policy holders and our business associates for their continued guidance and support. My gratitude is also due to the Board of Directors for the interest shown in guiding the Company. Finally, I would also like to thank the agents, agency managers, market representatives, and the members of staff of the company, without whose enthusiasm, hard work and unstinted efforts, the story of last years success would not have been possible. Let us strive to be the “Best Insurer in Nepal” in the years to come.

I once again welcome you all to this august gathering.

Thank you ladies and gentleman.

**T. S. Vijayan**
Chairman

# संचालक समितिको प्रतिवेदन

# Directors' Report

**आदरणीय शेयरधनी महानुभावहरु,**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको आठौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुमा संचालक समितिको तर्फबाट स्वागत गर्न पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ । आजको यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिकं अभिबादन ।

शेयरधनी महानुभावहरुले कम्पनीको लेखापरीक्षण भएको वित्तीय विवरणहरुको अवलोकन गर्नु भएकै होला भन्ने विश्वासका साथ हामी यहाँ हरु समक्ष आर्थिक वर्ष २०६५/६६ को संचालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम छलफल तथा अनुमोदनको लागि पेश गर्न चाहन्छौं ।

**आर्थिक परिदृष्यको पुनरावलोकन**

यस आर्थिक बर्ष २०६५/६६ मा विश्वभर नै बित्तिय बजारमा विश्व आर्थिक मन्दिको प्रतिकूल असर देखियो । रोजगारी तथा आम्दानीको ह्रासबाट विश्वभर दुःख र त्रासको भयाबह स्थिति पैदा हुन गयो । यद्यपि आम जनसमुदायले यहाँ आर्थिक मन्दिको प्रत्यक्ष महसुस नगरेतापनि, त्यसको असर अझैं नेपालमा बिद्यमान नै रहेको छ । हामीहरुले देख्यौं कि धेरै नेपालीहरुले विदेशमा आफ्नो रोजगारी गुमाइ आफ्नो मातृभूमि फर्कन बाध्य हुनुपर्‍यो । १४% भन्दा बढि मुल्य बृद्धि दरको कारण कहिल्यैं नभोगेको स्थितिमा मुल्य बृद्धि हुनपुग्यो । नेपालको आर्थिक बृद्धि दर लगभग ५% कायम भै सामान्य अवस्थामा रहयो । प्राकृतिक बिपीत्तले समेत यस बर्ष असर पुर्‍यायो । सप्तकोशी नदीमा आएको बाढीले नेपालको पूर्वीय भागमा लगभग दुई महिना प्रतिकूल प्रभाव पारेको हामीलाई बिदितै छ । यस प्रकारको परिबेशमा बीमा व्यवसाय बढाउन झनै चुनौतीपूर्ण हुन्छ । तथापि यस प्रकारको

**Dear Shareholders,**

We the Board of Directors are delighted to greet all shareholders present in this Eighth Annual General Meeting of Life Insurance Corporation (Nepal) Limited. We welcome you all to this meeting.

Assuming that you have all gone through the Audited Financial Results of the Company as at the end of Ashad, 2066, we now present the report of the Board of the Directors for the fiscal year 2065-66 for discussion and approval. This is in compliance with the provisions of Section 109 of the Company Act, 2063.

**Review of Economic Scenario**

The fiscal 2065-66 saw one of the worst ever recession hit financial markets across the world. There were loss of income and jobs, resulting in panic and fear. Though the effect may not have been felt by the public at large, it still had its impact in Nepal too. It was reported that many people lost their jobs overseas and had to return home. Inflation soared to over 14% and prices rose to levels unheard of. Economic growth in Nepal continued to remain modest, at about 5%. Nature played its part too. The floods in Koshi river almost cut off the eastern parts of the country for well over two months. In this background selling insurance is even more challenging. That despite all these odds your company had been able to do very well in all areas of operation is a testimony to the faith people of Nepal have placed on us and our working systems.

# संचालक समितिको प्रतिवेदन

बिषम परिस्थितिमा समेत यहाँहरुको यस कम्पनीले धेरै राम्रो सफलता हासिल गर्न समर्थ भएको छ, जुन नेपाली जनसमुदायहरुले हामी र हाम्रो कार्यशैली प्रति गरेको पूर्ण बिश्वास तथा भरोसाको प्रतिबिम्ब हो ।

## व्यवसायको सिंहावलोकन

### नयाँ व्यापारिक उपलब्धिहरू

| विवरण | २०६५-६६ | २०६४-६५ | बजेटमा उपलब्धि | बृदिदर % मा |
|---|---|---|---|---|
| बीमालेख संख्या | ५२८९१ | २७९७५ | १००.७८ (६२.१६) | ८९.१० |
| प्रथम बीमाशुल्क आय (रू. करोडमा) | ३२.८४ | १९.२३ | ९३.८३ (६४.१०) | ७०.७८ |

कम्पनीले गरेको कार्य प्रगति सम्बन्धमा यहाँहरुले माथिको तथ्याङ्कको अवलोकन गर्न सक्नुहुनेछ । यो कम्पनीले आफुले तय गरेनुसारको बार्षिक प्रिमियम संकलनमा थोरै कमी भए पनि बार्षिक बीमा बिक्री संख्या को लक्ष्य सफलतापूर्बक हासिल गरेको छ । कम्पनीको यो हालसम्मकैं सबैभन्दा उच्चतम् बृद्धिदर हो ।

### चालु बर्षको उपलव्धि (0६६ साल आश्विन मसान्त सम्मको)

| विवरण | २०६५-६६ | २०६६-६७ | बृदिदर % मा |
|---|---|---|---|
| बीमालेख संख्या | १०२७० | १२७११ | २३.७७% |
| प्रथम बीमाशुल्क आय (रु. लाखमा) | ७६७.८२ | १०७३.६७ | ३९.८३% |

माथिको आंकडाले यस चालु आ. व. मा बीमालेख तथा प्रथम बीमाशुल्क आय दुबैमा राम्रो बृद्धि भएको प्रस्टयाउँछ । कम्पनीले यस बृद्धिदरलाई अझ माथि उकास्न कडा मिहेनत गरिरहेको छ र आशावादी छौं कि आ. व. को अन्तसम्ममा राम्रो उपलव्धि हासिल हुनेछ । यस चालु आ. व. को लागि कम्पनीले ७० हजार नयाँ बीमा पोलिसी गर्ने र प्रथम बीमा शूल्कबाट रू. ५० करोड संकलन गर्ने लक्ष्य बनाएको छ ।

### मानव श्रोत

गत आर्थिक बर्षमा कम्पनीमा ७२ जना कर्मचारीहरु बिभिन्न तहमा कार्यरत रहेका थिए । यसै बर्षको अन्तसम्ममा ती मध्ये ६ जनाले

# Directors' Report

## Business Overview

### New Business Performance of the Company

| | 2065-66 | 2064-65 | Acht. To Budget | Growth Rate |
|---|---|---|---|---|
| Number of policies | 52891 | 27975 | 105.78 (62.17) | 89.07 |
| First Premium (Rs in Crs.) | 32.75 | 19.23 | 93.5 7(58.28) | 70.27 |



You will observe that the performance of the Company has improved. The Company has been successful in meeting its annual target in Number of Sales but fell slightly short in First Premium. But the company recorded its highest ever growth rates.

### Current year performance (As at the end of 30.11.2009 (16th Magh, 2067))

| | 2065-66 | 2066-67 | Growth Rate |
|---|---|---|---|
| Number of policies | 10270 | 12711 | 23.77 |
| First Premium (Rs. in Lakhs) | 767.82 | 1073.67 | 38.83 |

It can be observed that there is a healthy growth in business for the Company, in both Numbers of Policies and First Premium Income, in the current year also. The Company is striving to push the growth rates further, and we expect that the performance will be better in the months to come. For the current fiscal year the company has set a target of collecting over Rs. 50 crores under 70,000 policies.

### Human Resources

There were 72 employees working at various levels in the Company in the last Fiscal Year. During the course of the year as many as 6 of them left the Company for various

विभिन्न कारण जनाई राजिनामा दिए र हाल सो स्थानमा नयाँ भर्ना लिइ सकेका छौं । सम्पूर्ण कर्मचारीहरु कम्पनीको उच्च कार्यकारीबाट निर्देशित र नियन्त्रित छन् । कम्पनीमा बिद्यमान सौहार्दपूर्ण वातावरणका कारण उच्च तहका कार्यकारीसंग सबै कर्मचारी घुलमिल गर्न सक्ने सहज वातावरण मौजुद रहेको छ । कर्मचारीहरुको दक्षता तथा प्रभावकारीता बढाइ उच्चतम् दायित्व बहन गर्न सक्ने बनाउनका लागि निरन्तर रुपमा विभिन्न तालिम प्रदान गरिदैं आएको छ ।

### संचालक समिति परिवर्तन

छैठौं बार्षिक साधारण सभा पश्चात् संचालक समितिमा कुनै पनि परिवर्तन भएको छैन । कम्पनीको स्वतन्त्र संचालक श्री एस. के. मुखर्जीको कार्यकाल समाप्त भएको जानकारी आजको यस सम्मानित सभालाई गराउन चाहान्छौं । साथै बिद्यमान संचालक समितिले श्री एस. के. मुखर्जीलाई नै थप २ बर्षको लागि स्वतन्त्र संचालकको रुपमा कार्यकाल थप गर्ने निर्णय गरेको छ ।

### कारोबारलाई असर पार्ने तत्वहरु

यस वर्ष हामीले बजारसंग सम्वन्धित व्यक्तिहरु, एजेन्सी मेनेजर, बजार प्रतिनिधी तथा कर्मचारीहरुलाई व्यवसायिक क्रियाकलाप सम्वन्धि विभिन्न तालिमहरु आयोजना गरेका थियौं । यस्तो तालिम प्राप्ति पश्चात् आएको परिवर्तनल नै हालको प्रतिस्पर्धात्मक बजारमा ब्यवसाय तथा आय बृद्धि गर्नमा भुमिका खेलेको छ ।

आफ्नो बीमालेखधारक तथा शेयरधनीहरुलाई अधिकतम लाभ हुने किसिमले कोषलाई बित्त बजारमा उपयुक्त लगानी गर्ने अवसरहरुलाई उचित सदुपयोग गरेका छौं । कम्पनीको ब्यवसायमा प्रतिकुल प्रभाव नपर्ने तवरले ब्यवस्थापकीय खर्चलाई नियन्त्रण र न्युनीकरण गर्दै कम्पनीको मुनाफालाई बृद्वि गर्न हाम्रो हर सम्भव प्रयास निरन्तर रहेको छ ।

### लेखापरीक्षक

अन्तर्राष्ट्रिय लेखापरीक्षण फर्मको मान्यता प्राप्त श्री होवार्थ बिजिनेश एसोसिएटसँग आबद्ध रहेको बि. के. अग्रवाल एण्ड कम्पनीका श्री बि. के. अग्रवाल यस बर्षको बैधानिक लेखापरीक्षक हुनुहुन्छ । श्री बि. के. अग्रवाल लेखापरीक्षकको रुपमा पुनर्नियुक्ति हुन बाञ्छनीय हुनु भएकोले लेखा समिति तथा संचालक समितिले वहांको सेवा सुबिधा यथावत नै रहने गरी पुनर्नियुक्तिको लागि सिफारिस गर्ने

reasons, and they have been replaced with new recruits. Top executives of the Company are easily accessible to the staff members at any time to guide the employees. Various training programmes are held to enhance their skills and groom them for higher responsibilities.

### Changes in the Board of Directors

There has been no change in the Board of Directors after the 6th Annual General Meeting. The tenure of Sri. S.K. Mukherjee, Independent Director comes to an end with this meeting. The Board of Directors have decided to extend his tenure for a period of two years.

### Factors affecting our business

There has been heightened business activity in the Company with several ongoing training activities for field personnel, which has helped in improving New Business during the year, in the face of a tough competitive market scenario.

In order to bring more value to our policy holders and shareholders the investment opportunities in the financial market have been encashed. Cost of operations as reflected in overall cost ratio have been kept under strict control, and all efforts are being made to bring it down without affecting our business so that more surplus would accrue.

### Auditors

Sri. B. K. Agrawal of B. K. Agrawal and Co., a firm associated with M/S. Howarth Business Associates, an international auditing firm, have been our statutory auditor for the year. They are eligible for reappointment and the Audit Committee and Board of Directors recommends their reappointment with the same fees. Mr. Kishore Banskotta of Banskotta and Co. had been our internal auditors for the Fiscal. The Board of Directors on the recommendation of the Audit Committee have appointed M/S. S. C. Lal & Associates as outr internal auditors for the current financial year.

निर्णय गरेको छ । बाँस्कोटा एण्ड कम्पनीका श्री किशोर बाँस्कोटा आ. व. २०६५/६६ को आन्तरिक लेखापरीक्षक हुनुहुन्थ्यो । संचालक समितिले लेखा समितिको सिफारिसमा आ. व. २०६६/६७ को लागि यस कम्पनीको आन्तरिक लेखापरीक्षकको रुपमा एस. सी. लाल एण्ड एसोसियट्सका श्री एस. सी. लाललाई नियुक्ति गरेको छ ।




### लेखापरीक्षकको प्रतिवेदन

यहाँले लेखा परीक्षकको प्रतिवेदन अध्ययन गर्नु भएको होला । यस प्रतिवेदन अनुसार कम्पनीको हिसाब किताब प्रचलित कानुन र प्रचलन अनुसार ठीकसँग राखेको जानकारी गराउन पाउँदा हामीले पेशागत एवं चुस्त तरिकाबाट काम गरेको स्पष्ट हुनुका साथै त्यसले हामीलाई अझ बढी आत्मबिश्वास र हौसला प्रदान गरेको छ ।

### शेयरको जफत

कम्पनीको शुरुवातदेखि हालसम्म कुनै पनि शेयरधनीको शेयर कम्पनीले जफत गरेको छैन ।

### जीवन बीमा कोष

मिति २०६५ आषाढ मसान्तसम्ममा जीवन बीमा कोष २४९ करोड रहेकोमा ३६.९५% ले बृद्धि भई मिति २०६६ आषाढ मसान्तसम्ममा जीवन बीमा कोष रू. ३४१ करोड रहेकोछ ।

### लगानी

मिति २०६५ आषाढ मसान्तसम्ममा कुल लगानी रू. २६७.०२ करोड रहेकोमा मिति २०६६ आषाढ मसान्तसम्ममा कुल लगानी (बीमालेख कर्जा तथा छोटो अवधिको लगानी गरि) रू. ३७५.०७ करोड रहेको छ । यस अनुसार ४०.४७% ले लगानीमा बृद्धि भएको देखिन्छ र सम्पूर्ण लगानीहरु संचालक समितिको निर्देशन एवं समय समयमा प्रकाशित हुने बीमा समितिको लगानी सम्वन्धि नीति तथा निर्देशिकाको अधिनमा रही गरेको छ । कम्पनीले नेपाल सरकारको ऋणपत्र, नेपाल राष्ट्र बैंकको विकास पत्रहरु, नेपाल इन्भेष्टमेन्ट बैंक लि., बाणिज्य बैंक, बिकाश बैंक, बित्तिय संस्थाहरुको मुद्दती खाताहरु, नागरिक लगानी कोष तथा



### Auditors Report for the Current Year

The opinion of the Auditors that the accounts and records of the Company have been maintained in accordance with the law of land is appended to the Annual Report, which you would all have gone through. This report of the Auditors gives us ample confidence that we are working in a professional manner.

### Shares forfeited

Since the inception of the Company we have not forfeited any shares belonging to anyone.

### Life Fund

As at the end of Ashad 2066, the Life Fund of the Company stood at Rs. 341 crores as against Rs. 249 crores at the end of Ashad 2065. This means the Life Fund grew at the rate of 36.95%.

### Investments

The total investments of the Company (including policy loans and short term investments) as at the end of Ashad 2066 stood at Rs. 375.07crores as against Rs. 267.02 crores as at Ashad 2065. This shows an increase of 40.47% and has been done strictly as per guidelines and rules existing in the country to that effect, as well as, as per directions of the Board of Directors and the Regulator (Beema Samiti) from time to time. The investments have been made in Govt. Bonds, Development Bonds of Nepal Rastra Bank, Nepal Investment Bank, Ltd., Fixed deposits with various Commercial Banks, Development Banks, Finance Companies, Citizen's Investment Trust, and in Preference Shares and Debentures of Banks and reputed Companies. Due to strict investment norms followed by the company the yield on investments has shown an increase of 36% in the just concluded financial year. It is our

बैंकको प्रिफरेन्श शेयरहरुमा लगानी गरेको छ । यस प्रकारको बिवेकपूर्ण लगानीबाट कम्पनीले यस आ. व. मा ३६% को बृद्धिदर प्राप्त गरेको छ । कम्पनीले उपलब्ध जगेडा रकमलाई लगानी गर्दा बिवेकपूर्ण ढङ्गले सुरक्षित र उच्चतम प्रतिफल दिने स्थानहरुमा लगानी गर्न प्रयासरत छ ।

### नेपाल सरकारलाई योगदान

उपरोक्त लगानीको अलवा यस कम्पनीले कर्पोरेट करको रुपमा रू. २.२४ करोड नेपाल सरकारलाई बुझाएकोछ । समयमा कर बुझाइएकोमा यस कम्पनीको प्रसंसासमेत भएकोछ ।

### शेयरधनीहरूबाट प्राप्त जानकारी

शेयरधनी महानुभावहरुबाट प्राप्त हुने सुझावलाई कम्पनी सदैव स्वागत गर्दछ । शेयरधनीहरुबाट प्राप्त उचित सुझावहरुलाई कम्पनीको बृति विकाशमा योगदान पुऱ्याउनको निम्ति अवलम्बन गर्ने तर्फ हाम्रो प्रयत्न हमेशा रहने छ ।

### संचालकहरूद्वारा शेयरको खरीद

आर्थिक बर्ष २०६५/०६६ मा यस कम्पनीको सञ्चालक तथा पदाधिकारीहरुद्वारा कुनै पनि शेयर खरिद नगरिएको तथा शेयर कारोबारमा निजहरु संलग्न रहेको छैन ।

### संचालकहरूद्वारा वित्तिय कारोबार

आर्थिक बर्ष २०६५/०६६ मा प्रमुख कार्यकारी अधिकृत जो संचालक समेत रहनु भएको छ वहाँलाई पारिश्रमिक दिइएको बाहेक कम्पनीसंग सम्बन्धित वित्तिय कारोबारमा कुनै सञ्चालक र निजको नातेदारको कुनै संलग्नता रहेको छैन ।

### कम्पनीद्वारा शेयरको खरिद

आर्थिक बर्ष २०६५/०६६ मा कम्पनीद्वारा कुनै पनि आफ्नो शेयरको खरिद गरेको छैन ।

### आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीले हरेक क्षेत्रलाई आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत राखी काम गर्दै आएको छ , जुन तथ्यको पुष्टि लेखा परीक्षकको प्रतिवेदनबाट पाउन सकिन्छ । गत आर्थिक बर्षदेखि आन्तरिक लेखा परिक्षण समेत शुरु भैसकेको छ ।

endeavor to invest our valuable surplus in a prudent manner keeping the safety of funds uppermost in our mind, but without losing sight of higher returns.

### Contribution To the Government of Nepal

In addition to investment of all our investible funds being made in Nepal, we have also paid Rs. 2.24 crores to the Government of Nepal in the form of corporate taxes during the year ended 2066. We have been commended for paying taxes in time.

### Information Received from Shareholders

With our functioning being open and transparent, suggestions from honourable shareholders are always welcome. We would be delighted to receive suggestions from your good selves, for furthering growth of the Company, and would definitely give due consideration to these.

### Share purchased by Directors

During the financial year 2065-2066, neither Directors nor Officers of the Company have purchased any shares of the Company and they have not been involved in any transactions related thereto.

### Financial Transactions by Directors

During the fiscal year 2065-2066, the Company has not entered into any financial transactions with either any of the Directors of the Company or their relatives in any manner whatsoever except payment of salaries to the CEO who is also a Director, and payment of sitting fees to Directors.

### Shares purchased by the Company

The Company has not bought back any of its own shares in any manner.

### Internal Control System

The Company has all the internal control systems in place and this is also reflected in the audit reports. From the last

### व्यवस्थापन खर्च

कम्पनीले गर्ने व्यवस्थापकीय खर्च निरन्तर घट्दो क्रममा रहेको छ । ऐनको प्रावधान बमोजिम कम्पनीलाई बीमाशुल्क आयको ३०% सम्म व्यवस्थापन खर्च गर्न सकिने व्यवस्था गरेतापनि सो खर्च यस बर्ष २२% भन्दा पनि न्युन रहेको छ । आगामि दिनमा सो भन्दा पनि कम व्यवस्थापन खर्च गर्ने तर्फ कम्पनी प्रयासरत रहनेछं । यस कम्पनीको व्यवस्थापकीय खर्च ८.५९% रहेको छ जुन अत्यन्तै न्युन हो ।

### लेखा समिति

यस कम्पनीले लेखा समितिको व्यवस्था गरेकोछ जस अन्तर्गत संचालक श्री ए. के. दास गुप्ता, श्री अशोक अग्रवाल तथा श्री राजेन्द्र अर्याल रहनु भएका छन् । लेखा समितिले नियमितरुपमा संचालक समितिको बैठक बस्नु अघि आफ्नो बैठक बस्ने गरेको छ । यस समितिले चालु अवस्थामा कम्पनीले गरेको कार्य पद्धतिको पुनरावलोकन गर्ने र आवश्यक सुधारको उपायहरुसमेत सुझाव दिने काम गरिरहेको छ । संचालक समितिले निर्धारण गरे बमोजिम लेखा समिति सदस्यहरुलाई बैठक भत्ता बापत रू. १२,००० भुक्तानी गरिएको छ ।

### अन्य कम्पनीसँगको कारोबार

कम्पनीको संचालकहरुको वित्तिय स्वार्थ भएको अन्य कम्पनीसँग यस कम्पनीको वित्तिय कारोबार सम्बन्धि संलग्नता रहेको छैन ।

### संचालक तथा पदाधिकारीहरूलाई गरिएको भुक्तानी

कम्पनीको नियमानुसार यस आ. व. मा कम्पनीको संचालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुलाई जम्मा रू. ३२,६५,८६९ भुक्तानी गरिएको छ । संचालक समितिले संचालक समिति बैठक भत्ता र लेखा समिति बैठक भत्ता बृध्दि सम्बन्धमा हाल सदस्यज्यूहरुले प्राप्त गर्दै आउनु भएको रू. ४,००० को स्थानमा रू. ७,००० र अध्यक्षज्यूले पाउँदै आउनु भएको रू. ५,००० को स्थानमा रू. ८,००० प्रदान गर्न सिफारिस गर्ने निर्णय गरेको छ । यस प्रकारको भत्ता बृद्धि सिफारिस लामो समय पश्चात् गरिएको हो ।

### सम्पति खरिद

कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम कम्पनीले प्रमुख कार्यकारी अधिकृत र सहायक महाप्रबन्धकको प्रयोगको लागि किनिएको

fiscal year, Internal Audit also has started in the Company in order to strengthen the systems by plugging loopholes if any.

### Management Expenses

The management expenses of the company continues to be one of the lowest in the industry as seen from the reports published. We are still maintaining the low level of cost ratio which is 22% and far below the permitted level of 30%. Every effort is being made to reduce these expenses to lower levels. Management expenses of our company remains one of the lowest in industry at 8.59%.

### Audit Committee

The Company's Audit Committee comprise of our Directors Shri A.K. Dasgupta, Shri Ashok Agrawal and Shri Rajendra Aryal. The audit committee meets regularly before the board meetings to review the company's working and suggests corrective measures wherever necessary, in addition to making recommendations to the Board. An amount of Rs. 12,000 has been spent as meeting allowances, at the rates fixed for the member of Board of Directors, in the financial year.

### Transactions with other Company

The Company has not entered into any financial transactions with any Company where any of our Directors has financial interest, in the financial year.

### Payment to Directors and other Executives

A total of Rs. 32,65,869 have been paid to Directors, CEO and other Executives of the Company as per laid down rules. The Board of Directors have recommended on increase in sitting fees for Director Board Meeting as well as for audit committee meeting from the existing NRs. 4,000 and NRs. 5,000 to members and Chairman respectively (rates fixed long back) to NRs. 7,000 and NRs. 8,000 respectively.

### Purchase of Property

No property has been purchased or sold by the Company as per Section 141 of the Company Act, 2063, except purchase

कारहरु बाहेक अरु कुनै पनि सम्पति खरिद वा बिक्री गरेको छैन। उक्त नयाँ कारहरु ८ बर्षभन्दा बढी पुराना भैसकेका कारहरुको सट्टामा किनिएका हुन्। कम्पनीले पुराना कारहरु प्रतिस्थापन गर्दा सो बापत नगद रू. १४.८७ लाख प्राप्त गऱ्यो। संचालक समितिले पारित गरेको योजना बमोजिम कारहरु कम्पनीको अधिकृतहरुको प्रयोजनार्थ समेत खरीद भएका छन्।

### कम्पनीहरू बीचको कारोबार

कम्पनी ऐन, २०६३ को दफा १७५ आकर्षित हुने गरि अन्य कुनै कम्पनीसंग कारोबार गरेको छैन।

### बीमाकोषको मूल्याङ्कन

बीमा ऐन २०४९ [1992] को दफा २६ बमोजिम जीवन बीमा कम्पनीले प्रत्येक तीन वर्षमा आफ्नो कोषको बीमाङ्कीबाट मुल्याङ्कन गराउनु पर्ने हुन्छ। २०६५ आषाढ मसान्तसम्मको (१५ जुलाई, २००८) कोषको बीमाङ्कीय मुल्याङ्कनबाट प्राप्त नतिजा अत्यन्तै उत्साहजनक छ जुन हामीले प्रकाशित गरिसकेका छौ।

### लाभांश तथा बोनस

कोषको बीमाङ्कीय मुल्याङ्कनबाट प्राप्त राम्रो परिणाम अनुसार यस बर्ष कम्पनीले आफ्ना समस्त बीमाधारक महानुभावहरुलाई उच्च बोनसदर प्रदान गर्न समर्थ भएको छ। धेरै अन्य कम्पनीहरुले बजारमा आएको आर्थिक संकटका कारण आफ्नो बोनसदर घटाइ रहेको परिप्रेक्ष्मा यस कम्पनीको यो बोनसदर धेरै उत्साहजनक मान्नु पर्ने हुन्छ।

नयाँ घोषणा गरिएको बोनसदर निम्नानुसार रहेको छ :

| पुरानो दर | | | नयाँ दर | |
|---|---|---|---|---|
| ५-१५ वर्ष | ४३ | सावधिक र जीवन आनन्द पोलिसीहरू | ५-१९ वर्ष | ५२ |
| १६-२० वर्ष | ४७ | | २०-२४वर्ष | ५५ |
| २१-२५ वर्ष | ५३ | | २५ वर्ष वा सो भन्दा बढि | ७० |
| २६ वर्ष वा सो भन्दा बढि | ६५ | | | |
| १५ वर्ष | ३९ | धनफिर्ता पोलिसीहरू | १५ वर्ष | ५१ |
| २० वर्ष | ४३ | | २० वर्ष | ५२ |
| २५ वर्ष | ४८ | | २५ वर्ष | ५४ |

of cars for the use of CEO and AGM. These cars have been purchased as replacements for old cars which have been replaced after 8 years. The old cars were sold by the company, making gain of Rs.14.87 Lakhs in the process. Cars have also been purchased for the use of officers as per the scheme approved by the board, for their use.

### Transactions between companies

The company has no subsidiaries to enter into transaction with them as per Section 175 of the Company Act, 2063.

### Valuation of Life Fund

A life Insurance Company is required to undertake valuation of its funds by an Actuary once every 3 years as per the provision of Section 26 of the Insurance Act 2049 (1992) of Nepal. The valuation results of the company as at 15th July 2008 have since been published, and we are happy to report that the result reflected the strong financials and robust systems and controls of the company.

### Dividend and Bonus

As an outcome of the good results of the valuation, the company has been able to declare increased bonus rates to the policyholders. This has to be viewed against the backdrop of several companies reducing their bonus rates in the last quarters of the last financial year causing a crisis of loss of confidence in the entire market. The newly declared bonus rates are as under :

| Old Rates | | | New Rates | |
|---|---|---|---|---|
| 5-15 yrs. | 43 | Endowment and Jeevan Aanand Policies | 5-19 yrs. | 52 |
| 16-20 yrs. | 47 | | 20-24yrs. | 55 |
| 21-25 yrs. | 53 | | 25 yrs. & Above | 70 |
| 26 yrs. & Above | 65 | | | |
| 15 yrs. | 39 | Money Back Policies | 15 yrs. | 51 |
| 20 yrs. | 43 | | 20 yrs. | 52 |
| 25 yrs. | 48 | | 25 yrs. | 54 |

We are also happy to recommend 20% cash dividend to our esteemed shareholders, as a continuation of the15% cash

गत बर्ष हाम्रा आदरणीय शेयरधनी महानुभावहरुलाई १५% नगद लाभांश दिने घोषणा गरेका थियौं । त्यसैको निरन्तरताका साथ यस आ. व. मा आदरणीय शेयरधनी महानुभावहरुलाई २०% नगद लाभांश दिने घोषणा गर्न पाउँदा हामी खुसी महसुस गर्दछौं । साथै अर्को पटक पनि बीमाङ्कीय मुल्याङ्कनबाट अझ राम्रो परिणाम आउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

## ब्यापारीक सेवाहरु

### बीमाशूल्क भुक्तानी

हामीले हाम्रा ग्राहकहरुलाई रकम भुक्तानी गर्न सरल होस भन्ने हेतुले नेपाल एस. बि. आइ. बैंकमा युनिभर्सल खाता खोलेका छौं । उक्त बैंकको अधिराज्यभरका ३२ शाखाहरु मार्फत् हाम्रा ग्राहकहरुले सेवा लिन सक्नु हुनेछ । संसारभर छरिएर रहनुभएका हाम्रा ग्राहकहरु उक्त बैंकको हाम्रो खातासम्म पहुँच बनाउन हामी नेपाल एस. बि. आइ. बैंकसंग सम्बन्ध बनाउन प्रयासरत छौं ।

### नेटवर्कीङ्ग

कम्पनीले सर्बसुलभ तथा छिटो सेवा प्रदान गर्न देशभर का सम्पूर्ण शाखाहरुलाई एउटै नेटवकीङ्गमा ल्याउने निर्णय गरेकोछ । लगभग रू. ३५ लाखको लागत पर्ने नेटवर्कीङ्गको सम्पूर्ण आधारभूत काम समाप्त भैसकेको छ र अब तुरुन्तै सेवा शुरु हुनेछ ।

### मृत्यु दाबी

आ. व. २०६५/०६६ मा कम्पनीले जम्मा १४४ वटा मृत्यु दाबीहरु सम्पन्न गरी रू. २.१९ करोड भुक्तानी गरेको छ । सुरुवातदेखि हालसम्म ४१९ वटा मृत्यु दाबीहरु सम्पन्न गरि रू. ६.२५ करोड बराबरको भुक्तानी भएको छ । यस आ. व. को अन्त्यमा केवल ८ वटा मात्र मृत्यु दाबी भुक्तानी बाकी रहेका थिए जुन दाबीकर्ताले पेश गर्नु पर्ने कागजातको कमीका कारण रोकिएको थियो । संभवत यो संख्या समस्त बीमा उद्योगहरुमा नै फछ्र्योट हुन बाँकी मृत्यु दाबीहरुमा सबैभन्दा कम हुनुपर्छ ।

### अन्य ब्यापारिक क्रियाकलापहरु

यस बर्षमा मात्र कम्पनीले ३११८ जना नयाँ अभिकर्ताहरु नियुक्त गरेको छ । त्यसै गरी २०६६ आषाढसम्ममा कम्पनीमा जम्मा १६८७४ अभिकर्ताहरु कार्यरत रहेका छन् जस मध्ये ३४८९ अभिकर्ताहरुले

dividend declared last year. We hope to post good results in the next valuation as well.

## Customer Service

### Premium Payment

In order to facilitate easier payment of premium by customers, we have opened a universal account with Nepal SBI Bank, which while being centralized at Kathmandu, can be accessed by our customers at any of the 32 branches of NSBI across the country. We are also negotiating with the bank to provide access to this account by our customers from across the globe.

### Networking



To make servicing more efficient and less time consuming, the Company has decided to network all our branches at a cost of about NRs 35 Lakhs. The work is already completed and the network will be in place soon.

### Claims

During the fiscal year 2065-2066, we have settled 144 death claims for an amount of Rs 2.19 crores The total death claims settled since inception has been 419 in which we have paid Rs6.25 crores. As at the end of the fiscal, we had only 8 claims outstanding in our books, which could not be settled as, the required documents were not received from the claimants. The percent claims outstanding (amount) was only 1.7%. This is perhaps the lowest in the entire industry.

### Other Marketing Activities

During the year of review, the Company recruited 3118 new agents. As at the end of Ashad 2066, we had 16874 agents on roll out of which only 3489 have contributed to the business of the Company. A continuous exercise is undertaken to enhance the selling skill of agents, with refresher trainings and also by providing them with literature on marketing and allied subjects.

# संचालक समितिको प्रतिवेदन Directors' Report

बीमा ब्यापारमा योगदान पुऱ्याउनु भएको छ । साथै नियमित रुपमा कम्पनीको बिक्री बढाउने उद्देश्यले नयाँ अभिकर्ताहरुलाई तालिम तथा बिद्यमान अभिकर्ताहरुलाई अझ बढी ब्यवसायिक बनाउन पूनर्ताजगी तालिम तथा बिक्रयकलाहरु सिकाइदै आएको छ ।



हामीले हाम्रो १२ वटा शाखा कार्यालयहरु, काठमाण्डौ, बिराटनगर, पोखरा, बुटवल, नारायणघाट, नेपालगंज, धनगढी, महेन्द्रनगर, लाहान, जनकपुर, बीरगंज र बिर्तामोडबाट बीमा ब्यवसाय गरिरहेका थियौं । हाल थप २ शाखाहरु भक्तपुर र दाङ्गमा खोलिएको छ र अब कम्पनीको जम्मा शाखाहरुको संख्या १४ पुगेको छ । केहि नयाँ स्थानहरुमा शाखा कार्यालय खोल्नको निम्ति बीमा समिति समक्ष स्वीकृती मागेका छौ । छरिएर रहेको शाखा कार्यालयहरुले महानगरदेखि ग्रामिण क्षेत्रमा बसोबास गरिरहेका सम्पूर्ण देशबासीहरुको बीमा गर्नमा सहयोग पुऱ्याइरहेको छ ।

### संस्थापकिय ब्यवस्थापन

कम्पनीको संचालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ । हालसम्म ४३ वटा बैठकहरु सम्पन्न भैसकेका छन् ।

### उपलब्धिहरू

### बि. पि. ए. पुरस्कार

इन्स्टीच्युट अफ चार्टड अकाउन्टेन्ट्स अफ नेपाल संस्थाले नेपालको बीमा ब्यवसाय गर्ने बीमकहरु मध्येमा लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. ले सबैभन्दा उत्कृष्ट तवरले हरहिसाब तथा लेखा प्रणाली राखेको हुनाले यस कम्पनीलाई "बेष्ट प्रेजेन्टेड अकाउन्ट्स अवार्ड २००८" द्वारा सम्मानित गरेको छ ।




त्यसै गरी कर कार्यालयबाट समयमा कर तिर्ने उत्तरदायी कर्पोरेट नागरिकको रुपमा यस कम्पनीलाई प्रशंसा पत्र प्राप्त भएको छ ।

### अन्य खुलाउनु पर्ने कुराहरु

प्रचलित ऐन तथा कानुन बमोजिम कम्पनीको अन्य कुनै कुरा खुलाउनु पर्ने देखिदैन ।

We were doing our business through our 12 branches, located at Kathmandu, Biratnagar, Pokhara, Butwal, Narayanghat, Nepalgunj, Dhangadi, Mahendranagar, Lahan, Janakpur, Birgunj and Birtamod. We have opened two more branches at Bhaktapur and Dang this year and number of our total branches has reached 14. Permission has been sought from the Regulator to open branches and sales Centres at a few more places. The spread of branches have helped us in insuring all classes of people from the metropolitan area to remote rural areas.

### Corporate Governance

Company's Board of Directors meet regularly. 43 such meetings have been held till the date.

### Achievements

### BPA Award

As a mark of recognition for the standards of accounts maintained by us, the Institute of Chartered Accountants of Nepal awarded the "Best Presented Accounts Award 2008" (Insurance category) to your company.

A letter of Appreciation was also received from Income Tax office for being a responsible Corporate Citizen by paying taxes in time.

### Any other matter to be disclosed

There are no other matters to be disclosed by the Company in accordance with any of the existing laws of Nepal.

### Expression of Gratitude

The Board of Directors would like to thank all the Agents, Agency Managers, Market Representatives and all members

**आभार व्यक्त**

संचालक समिति यस कम्पनीमा आबध्द सम्पूर्ण अभिकर्ता, एजेन्सी मेनेजर, बजार प्रतिनिधी तथा कर्मचारीवर्गहरुलाई धन्यवाद दिन चाहन्छु जसको कडा परिश्रम र मेहनत नभई दिएको भए कम्पनीले आज यति धेरै प्रगति गर्न सक्ने थिएन ।

अन्त्यमा, आजको यस पुनीत अवसरमा संचालक समितिको तर्फबाट नेपाल सरकार, अर्थ मन्त्रालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टार कार्यालय, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षकहरु र अन्य सम्वन्धित निकायहरु साथै सम्पूर्ण आदरणीय शेयरधनी र बीमाधारक महानुभावहरुबाट कम्पनीलाई प्राप्त निरन्तर सहयोग र मार्ग निर्देशनका लागि आभार व्यक्त गर्न चाहन्छौ । हामी नेपालको आम जनसमुदायमा यस्तै प्रकारको निरन्तर सहयोगको अपेक्षा तथा आग्रह गर्दछौं जस्को परिणाम स्वरुप यो कम्पनी नेपाल कै उत्कृष्ट बीमक कम्पनी बन्न सक्ने छ ।

धन्यवाद ।

संचालक समिति

of staff of the Company for their continued support and hard work without which the Company would not have scaled these heights.

And finally, the Board places on record, its profound gratitude to the honourable Government of Nepal, the Ministry of Finance, Beema Samiti, Security Board of Nepal, Nepal Rastra Bank, Office of the Company Registrar, Nepal Stock Exchange and all other concerned Departments of the Government as well as to all our distinguished shareholders and esteemed policy holders for their immense support and guidance. We solicit the continued patronage of public of Nepal to make the Company emerge as market leader in the Insurance Industry of Nepal.

Thank You.

**Board of Directors**